आज मिति २०७६ साल चैत्र १५ गते शनिबारका दिन विहान ठिक ८:०० बजे यस नगरपालिकाको ४७ औं आकस्मिक कार्यापालिका बैठक नगरप्रमुख श्री शिवप्रसाद ढकालज्यूको अध्यक्षतामा देहाय बमोजिमको कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा बैठक प्रारम्भ गरियो ।

| हस्ताक्षर | पद | नामथर | कैफियत |
|---|---|---|---|
| | नगरप्रमुख / अध्यक्ष | श्री शिवप्रसाद ढकाल | |
| | उप-प्रमुख | श्री धनमाया तामाङ | |
| | कार्यपालिका सदस्य | श्री विनोदबहादुर बस्नेत | |
| | कार्यपालिका सदस्य | श्री डोरीलाल चौधरी | |
| | कार्यपालिका सदस्य | श्री जीवनप्रसाद ढुंगाना | |
| | कार्यपालिका सदस्य | श्री शैलेन्द्र श्रेष्ठ | |
| | कार्यपालिका सदस्य | श्री रामप्रसाद रिजाल | |
| | कार्यपालिका सदस्य | श्री जीवनकुमार राई | |
| | कार्यपालिका सदस्य | श्री चैतन्यप्रसाद सिटौला | |
| | कार्यपालिका सदस्य | श्री खेमप्रसाद न्यौपाने | |
| | कार्यपालिका सदस्य | श्री राजकुमार कार्की | |
| | कार्यपालिका सदस्य | श्री राजेन्द्रबहादुर थापा | |
| | कार्यपालिका सदस्य | श्री विशनलाल चौधरी | |
| | कार्यपालिका सदस्य | श्री रोशनप्रसाद ढकाल | |
| | कार्यपालिका सदस्य | श्री सिता नेपाली | |
| | कार्यपालिका सदस्य | श्री हेमकुमारी विश्वकर्मा | |
| | कार्यपालिका सदस्य | श्री उमादेवी गुरुङ | |
| | कार्यपालिका सदस्य | श्री तारा घिमिरे | |
| | कार्यपालिका सदस्य | श्री उर्मिला शर्मा रिजाल | |
| | कार्यपालिका सदस्य | श्री भक्तकिरण राई | |
| | कार्यपालिका सदस्य | श्री हर्कराज परियार | |
| | कार्यपालिका सदस्य | श्री रामलाल गच्छदार | |
| | सचिव | श्री दामोदर चापागाई | |
| आमन्त्रित : | | | |
| | लेखा अधिकृत | श्री शेखर ढकाल | |
| | नायब सुब्बा | श्री रोहित निरौला | |
| | क.अ. | श्री बाबुराम भट्टराई | |

| | | | |
|---|---|---|---|
| [signature] | क.अ. | श्री निरज न्यौपाने | |
| [signature] | कार्यालय सहायक | श्री दिपक बजगाई | |
| [signature] | कार्यालय सहायक | श्री विजयराज श्रेष्ठ | |
| [signature] | कार्यालय सहयोगी | श्री समुन्द्र वि.क. | |
| [signature] | कार्यालय सहयोगी | श्री दिवस कार्की | |
| [signature] | सुरक्षा गार्ड | श्री फुर्वा शेर्पा | |

**प्रस्ताव नं. १ : स्वास्थ्य सेवा प्रदान गर्ने सम्बन्धमा ।**

**निर्णय** : प्रस्ताव नं. १ माथि छलफल गर्दा नोबेल कोरोना (COVID-19) भाइरसको नियन्त्रण तथा रोकथामका लागि यस नगरकार्यपालिकाको कार्यालयबाट नगरक्षेत्र भित्र रहेका स्वास्थ्य संस्थाहरुमा पठाईएका पिपिई तथा सरसफाई सामाग्रीको आवश्यक प्रकृया पुरा गरी भुक्तानी गर्ने र पूर्वाञ्चल विश्वविद्यालय र नगरपालिकाको समन्वयमा क्वारेन्टाईन तथा आईसोलेसन सहितको सेवा प्रवाहको लागि पूर्वाञ्चल विश्वविद्यालयबाट प्रस्ताव गरिएको व्यवस्थापन र अत्यावश्यक औषधिको खरिद प्रस्तावलाई समेत स्वीकृत गरि आवश्यक प्रकृया पुरा गरी भुक्तानी गर्ने तथा उक्त आईसोलेसनलाई अझ प्रभावकारी रुपमा सञ्चालन गर्ने । साथै नगर क्षेत्रको विभिन्न स्थानबाट बिरामी ल्याउने, लग्ने कार्यको लागि चैत्र १० गते देखि एक (१) एम्बुलेन्स सञ्चालनमा रहेको भएता पनि उक्त एम्बुलेन्सले मात्र सेवा प्रवाहमा प्रभावकारी नभएको हुदाँ आवश्यक पर्ने थप एम्बुलेन्स भाडामा व्यवस्थापन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २ : स्रोत व्यवस्थापन सम्बन्धमा ।**

**निर्णय** : प्रस्ताव नं. २ माथि छलफल गर्दा निर्णय नं. १ मा उल्लेखित कार्य तथा आवश्यक व्यवस्थापनका लागि विपद् व्यवस्थापन कोषमा बाँकी रहेको रकम तथा नपुग रकम समपुरक कोषबाट विपद् व्यवस्थापन कोषमा २५% सम्म रकमान्तर गरि नोबेल कोरोना (COVID-19) भाइरसको नियन्त्रण तथा रोकथामका लागि व्यवस्थापन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ : सुरक्षा व्यवस्था सम्बन्धमा ।**

**निर्णय** : प्रस्ताव नं. ३ माथि छलफल गर्दा नेपाल सरकारबाट चैत्र ११ गते देखि १८ गते सम्म नेपाल अधिराज्य भर लकडाउन घोषणा भए बमोजिम सुन्दरहरैंचा नगरपालिका क्षेत्र भित्र मानिसहरु आवत जावत गर्ने क्रममा पूर्ण रुपमा रोक लगाउनका लागि सुरक्षा निकायसँग समन्वय गर्ने साथै पूर्वाञ्चल विश्वविद्यालयमा रहेको आईसोलेसन र क्वारेन्टाईन सञ्चालनको लागि आवश्यक सुरक्षा व्यवस्था मिलाउनका लागि सुरक्षा निकायलाई अनुरोध गर्ने निर्णय गरियो । साथै स्थानीय सुरक्षा निकायलाई आवश्यक पर्ने सवारी साधन तथा ईन्धनको व्यवस्था मिलाउने समेत निर्णय गरियो ।

**प्रस्ताव नं. ४ : अत्यावश्यक सेवा सञ्चालन सम्बन्धमा ।**

**निर्णय** : प्रस्ताव नं. ४ माथि छलफल गर्दा लकडाउनको समयमा खाद्यान्य, साग सब्जि, फलफुल, दुध डेरी, ग्यास तथा ईन्धन र सामान्य औषधि उपचारका सेवाहरुलाई सहज सञ्चालनका लागि मानिसहरुको भिडभाड नहुने गरि समय मिलाई, दुरी कायम गरि, आलोपालोमा उक्त उत्यावश्यकीय सेवाहरु उपलब्ध गराउनका लागि सम्बन्धित पक्षलाई निर्देशन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ : अलपत्र परेका नागरिकहरुको उद्धार सम्बन्धमा ।**

**निर्णय :** प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरक्षेत्र भित्र विभिन्न कामको शिलशिलामा लकडाउनको समयमा काम समेत नभई अलपत्र परेका नागरिकहरुको विवरण वडा कार्यालय मार्फत यथाशिग्र संकलन गर्ने र अलपत्र परेका नागरिकहरुलाई निजहरुको घर सम्म पुग्ने व्यवस्थाका लागि नगरक्षेत्रको सिमाना सम्म सुरक्षा निकायको समन्वयमा उद्धार गर्ने निर्णय गरियो ।